# स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव
# (Teachers' Experiences of Teaching Drama at Graduate Level)

**नारायणप्रसाद पन्थ[१] र ईश्वरा पौडेल[२]**


## लेखसार

नाटक साहित्यका श्रव्य र दृश्य भेदमध्ये दृश्यकाव्यअन्तर्गत रहेको हुन्छ। यसमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरिएको हुन्छ। यसलाई अभिनय, गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिन्छ। यो दृश्य संरचनामा ढालेर प्रस्तुत गरिने संवादात्मक वा अभिनयात्मक दृश्यविधा हो। यो प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा हो। प्रस्तुत लेखको उद्देश्य स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गर्नु रहेको छ। यस लेखमा रुपन्देही जिल्लामा रहेका क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ। यसक्रममा नेपाली विषय शिक्षकसँग भेटघाट तथा अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएका छन्। उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएको छ। यस लेखमा आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ। शिक्षकका शिक्षण अनुभवअनुसार नाटक शिक्षणलाई सम्बद्ध विषयवस्तु तथा भाषाशिक्षणको सिकाइसँग जोड्नु आवश्यक हुन्छ। यसका लागि विद्यार्थीका शैक्षिक तथा मनोवैज्ञानिक स्तरअनुसार समयसापेक्ष हुने गरी नाटकका विषयवस्तु छनोट र स्तरण गर्नुपर्दछ। यस लेखमा कक्षाको परिस्थिति, नाटक सम्बद्ध विषयवस्तुको गहनता तथा विद्यार्थीका स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधि र प्रक्रिया अँगाल्न सकिने शिक्षकका अनुभव रहेको निचोड निकालिएको छ।


***शब्द कुञ्जिका*:** अभिनयमूलक, मञ्चन, रङ्गमञ्चीय कला, विचारको प्रस्तुतीकरण, संवादात्मक संरचना

## विषयपरिचय

नाटक साहित्यका श्रव्य र दृश्य भेदमध्ये दृश्यकाव्यअन्तर्गत रहेको छ। यसलाई दृश्यकाव्य पनि भनिन्छ। यसमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरिएको हुन्छ। नाट्यको अर्थ नाटक हो। यसलाई गायन, नर्तन, लीला, खेल, प्रहसनजस्ता पक्षबाट हेरिन्छ। नाटकलाई अङ्ग्रेजीमा नाटकलाई ड्रामा भनिन्छ। प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको व्याख्या अनुकरण हो। यसमा अभिनय,

१. त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, इमेल : panthanarayan25@gmail.com
Orcid ID : https://orcid.org/ 0009-0006-0535-1151
२. त्रिभुवन विश्वविद्यालय, डिग्री क्याम्पस, विराटनगर, इमेल : ishwaraojha@gmail.com
Orcid ID : https://orcid.org/ 0009-0004-3592-9888
Article history: Received on: Oct. 19, 2024; Accepted on: Dec. 21, 2024; Published on: Jan. 31, 2025
Peer Reviewed under the authority of THE ACADEMIA, journal of NUTAN, central committee, Kathmandu, Nepal, with ISSN 2350-8671 (Print).
Creative Commons Attribution-Non Commercial-No Derivatives 4.0 International License.

गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिएको हुन्छ । यसलाई दृश्य संरचनामा ढालेर प्रस्तुत गरिने संवादात्मक वा अभिनयात्मक दृश्यविधा मानिएको छ । यो विषयवस्तुमा आधारित प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा हो । नाटकको शाब्दिक अर्थ र अभिप्राय अभिनय गर्नु हो । संस्कृत भाषामा नाटक शब्दको निर्माण नट् धातुमा अक् प्रत्यय लागेर भएको छ । नट् धातुले नाच र अभिनय भन्ने अर्थ दिएको छ । यो रङ्ग मञ्चीय कला हो । नाटक इतिहास प्रसिद्ध लोक कथावस्तु भएको, पञ्चसन्धिले युक्त, सुखदुःखको चित्रणमा अनेकौँ रसको प्रयोग गरिएको भए पनि वीर र शृङ्गारमध्ये कुनै एक रस मुख्य भएको साथै घटीमा ४/५ र बढीमा ९/१० अङ्क भएको, घटीमा ४/५ जना र बढीमा ६/७ जना मुख्य पात्र भएको र अन्य सहायक पात्रहरू भएको, अभिनेयात्मक गुणले भरिपूर्ण साहित्यिक कृति हो (पन्थ, २०७८, पृ.११८) । यो जीवनजगत्को अनुकरण गरिएको सङ्गठित वस्तुले युक्त पात्रका माध्यमबाट अभिनय गरिने संवादात्मक संरचना हो । यसमा नाटकीकरण, प्रश्नोत्तर र संवादात्मकताजस्ता पक्षमा विचार पुऱ्याइएको हुन्छ । नाटक शिक्षणका प्रयोजन मानिसका स्वभाव र चरित्रको अभिनयात्मक ढङ्गले भावाभिव्यक्ति, वाचनकलाको विकास, आरोह, अवरोह र आघातका बारेमा अभ्यास गराइ हाउभाउपूर्ण अभिव्यक्ति दिन सक्ने तुल्याउनु हो । यसबाट हाउभाउ, आङ्गिक सञ्चालन, मुखमुद्रा, हावभावजस्ता भाषिकेतर क्रियाकलापद्वारा भाषिक सिपको विकास गराइन्छ (पन्थ, २०७८, पृ.१२८) । नाटक शिक्षणमा हाउभाउ प्रदर्शन गरी विचारको प्रस्तुतीकरण र व्यवहार गर्ने, अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्ने, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्ने र तार्किक क्षमताको विकास गर्नेजस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

प्रस्तुत लेखमा स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरी विश्लेषण गरिएको छ । यो लेख गुणात्मक अनुसन्धानको स्थलगत अध्ययनमा आधारित छ । यसमा पुस्तकालयीय कार्यबाट द्वितीयक सामग्रीसमेत सङ्कलन गरी नाटकका सैद्धान्तिक ग्रन्थलाई पनि सामग्रीका रूपमा लिई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस लेखमा नाटक शिक्षणका क्रममा कक्षाको परिस्थिति, गहनता तथा विद्यार्थीका शैक्षिक स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधिहरू अँगाल्न सकिने निचोड निकालिएको छ । नाटक शिक्षणका विधिको उपयोगको सान्दर्भिकता के हो भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रही स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखका लागि रुपन्देही जिल्लामा रहेका पाँचओटा क्याम्पसहरू सहिद नारायण पोखेल बहुमुखी क्याम्पस रुपन्देही, पर्रोहा बहुमुखी क्याम्पस रुपन्देही, बुटवल बहुमुखी क्याम्पस बुटवल, सिद्धार्थ बहुमुखी क्याम्पस बुटवल र भैरहवा बहुमुखी क्याम्पस, भैरहवा रुपन्देही गरी जम्मा पाँचओटा क्याम्पसमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले दशजना शिक्षकलाई सहभागी गराइएको छ । यसक्रममा नेपाली विषय शिक्षकसँग भेटघाट तथा अन्तरवार्ताद्वारा तथ्य सङ्कलन गरिएका छन् । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभवको विश्लेषण गरिएको छ । यस लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिँदै नेपाली विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव पहिचान गरिएका छन् । यसक्रममा सहभागी शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार गरी क्रमशः शिक्षक दश गरी सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार व्यक्तिगत धारणा उल्लेख गरिएका छन् । यस लेखमा आवश्यक सामग्री

पुस्तकालयीय कार्यबाट सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ। यसबाट निकै थोरै मात्रामा चर्चा गरिएका स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव प्राप्त गरी तथ्यपरक विश्लेषण र निरूपण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

नाटक साहित्यको दृश्यकाव्यअन्तर्गत पर्दछ। यसमा घटना, परिवेश र पात्रको गतिविधिअनुसार अङ्क र दृश्यहरूको व्यवस्थापन गरिएको हुन्छ। यसलाई गायन, नर्तन, लीला, खेल तथा प्रहसनजस्ता पक्षबाट हेरिन्छ। नाटकलाई अङ्ग्रेजीमा नाटकलाई ड्रामा भनिन्छ। नाटक सङ्गठित कथावस्तु तथा निश्चित आयाम भएको कथानक, सक्रिय पात्रहरू, जीवन जगत्को अनुकरण वा कार्य व्यापारको प्रस्तुतीकरण, कथोपकथन, अभिनेयात्मक तथा आफैँमा पूर्ण एउटा सिङ्गो रचना हो। यो सम्वादका माध्यमबाट मानव जीवनका विविध क्रियाकलापहरूको अनुकरण गरी अभिनयमूलक रूपमा दर्शकका निम्ति वा पाठकका निम्ति प्रस्तुत गरिएको मनोरञ्जनात्मक विधा हो। पूर्वीय काव्यशास्त्रीहरूले 'नाटक' भन्दा 'नाट्य' शब्द बढी प्रगोग गरेका छन्। 'नाट्य' शब्द पनि 'नट्' धातुमा 'य' प्रत्यय लागेर बनेको छ। 'नट्' को अर्थ भाव प्रदर्शन गर्नु भन्ने हुन्छ। पूर्वीय काव्यशास्त्रमा नाटकका अर्थमा 'रूपक' शब्द प्रचलित देखिन्छ। काव्यशास्त्रीहरू नाटकलाई रूपकको एक भेद मान्दछन् तर रूपकका विभिन्न भेदहरूमा नाटक नै उत्कृष्ट भेद भएको हुँदा नेपाली काव्यशास्त्रीहरू 'नाटक' शब्द प्रयोग गर्दछन्। 'नाटक' भन्ने नामले नै दृश्य काव्यका तमाम भेदहरूलाई चिन्न थालिएको छ। जसको अभिनय गर्न सकिन्छ त्यो दृश्य काव्य हो अर्थात् दृश्य भनेको अभिनेय हो (पोखरेल, २०२०५९, पृ. १६४)। अङ्ग्रेजीमा 'ड्रामा' शब्दको अर्थ 'एक्ट' (अभिनय गर्नु) र 'एक्सन' (अभिनय) सँग निकट देखिन्छ। अङ्ग्रेजीमा 'प्ले' को अर्थ 'खेल' हुन्छ। अङ्ग्रेजीमा नाटकका अर्थमा 'थिएटर' शब्द पनि प्रयोग गरिएको पाइन्छ। यसको मूल अर्थ रङ्गमञ्च हो र रङ्गमञ्चमा प्रदर्शन हुने भएका कारण नाटकलाई थिएटर (ठेटर) भनिएको हो (आचार्य, २०६६, पृ.१)। नाटकको रचना पठनका निम्ति मात्र नभई प्रदर्शनका निम्ति पनि भएको हुन्छ। नाटकको विधागत स्वरूपलाई स्पस्ट्याउनका निम्ति यसको साहित्यिक पक्ष जति महत्त्वपूर्ण हुन्छ, मञ्चनपक्ष पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको हुन्छ (आचार्य , २०६६, पृ. ७)। संवाद, मञ्चन वा अभिनय नाटकका प्रमुख तत्त्व हुन्। यसबाट हाउभाउ, अभिनय र भूमिकानिर्वाह गर्ने सिपको विकास गराउन सकिन्छ (पन्थ, २०६७, पृ.१९४)। संवाद वा कथोपकथनका माध्यमबाट मानवजीवनका विभिन्न क्रियाकलापहरूको अनुकरण गरी अभिनयमूलक ढङ्गमा पाठक वा दर्शकका निम्ति प्रस्तुत गरिने मनोरञ्जनात्मक साहित्यिक विधालाई नाटक भनिन्छ (भण्डारी र अन्य, २०६८, पृ.३२६)। नाटक इतिहास प्रसिद्ध लोक कथावस्तु भएको, पञ्चसन्धिले युक्त, सुखदुःखको चित्रणमा अनेकौँ रसको प्रयोग गरिएको भए पनि वीर र शृङ्गारमध्ये कुनै एक रस मुख्य भएको अभिनेयात्मक गुणले भरिपूर्ण साहित्यिक कृति हो (पन्थ, २०७८, पृ.११८)।

> नाटक कथ्यको अनुकार्यप्रधान संवादात्मक संरचना हो। नाटकलाई आख्यानात्मक वा कथानक भएको रचनाका रूपमा चिनिन्छ। यस को कथानकमा ज्यादै आकस्मिक मोड भएका (नाटकीय) घटना वा प्रसङ्गहरू कार्यकारणको शृङ्खलाबाट बुनिएका हुन्छन्। यसको स्वरूप आख्यानात्मक भएकाले यसमा कथानक, चरित्रचित्रण, वातावरण आदि अन्य उपकरणहरूको पनि प्रयोग भएको हुन्छ (शर्मा र श्रेष्ठ, २०७९, पृ. १३१)।

नाटककार, रङ्गकर्मी र प्रेक्षक गरी तीन पक्षसँग उत्तिकै सम्बद्ध हुने हुँदा यसको स्वरूप त्रिआयामिक हुन्छ। पाणिनिका अनुसार 'नाट्य' शब्द 'नट्' धातुबाट व्युत्पन्न भएको हो। 'नट्' धातुमा नृत्त र अभिनयको दुवै अर्थ सन्निहित छ। यसैले 'नट्' धातुबाट नद, नाटच र नाटक शब्दको निर्माण भएको देखिन्छ (थापा, २०८०, पृ.७०)। आचार्य विश्वनाथको भनाइअनुसार नाटकमा इतिहास प्रसिद्ध पात्र र कथावस्तु हुनुपर्छ। विभिन्न ऐश्वर्य र सुखदुःखका घटनाहरूको वर्णन हुनु आवश्यक छ। नाटकको कथा पाँच अङ्कदेखि दस अङ्कसम्म हुनुपर्छ। पाश्चात्य जगत्मा एरिस्टोटलले इतिहास र पुराणका प्रसिद्ध व्यक्तिलाई नै नायकत्व प्रदान गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन्। यस्तो स्थितिमा मात्र प्रेक्षक र पात्रको बीच तादात्म्य भाव स्थापना हुन सक्छ। विरेचनका लागि यो आवश्यक पनि छ भन्ने विचार एरिस्टोटलले व्यक्त गरेका छन्। उक्त व्यक्तिको पतनले पाठक वा प्रेक्षक द्रवीभूत हुन्छ (थापा, २०८०, पृ. ८६)। प्रस्तुति वा अभिनय अर्थ दिने ग्रिक शब्द ड्रामाको व्याख्या अनुकरण हो। यसमा अभिनय, गायन तथा नृत्यलाई जोडेर प्रस्तुत गरिएको हुन्छ। यसलाई दृश्य संरचनामा ढालेर प्रस्तुत गरिने संवादात्मक वा अभिनयात्मक दृश्यविधा मानिएको छ। यो विषयवस्तुमा आधारित प्रदर्शनमैत्री, अभिनयमैत्री तथा दृश्यात्मक विधा हो।

नाटक बोलाइ र पढाइसँग प्रत्यक्ष सम्बन्धित छ तर पनि यसबाट भाषाका चारओटै सिप विकास गराउन सकिन्छ। शिक्षकले नाटक विधाको उपयोग गर्दा पाठ्यसामग्रीका विषयवस्तुमा भन्दा बढी ती विषयवस्तुको माध्यमबाट भाषिक सिपको विकासमा जोड दिनुपर्छ। नाटक शिक्षण अभिनयात्मक ढङ्गबाट अरूले गरेका व्यवहारको अनुकरण गर्न, जीवन्त रूपमा मौखिक भाषाको प्रयोग गर्न र तार्किक क्षमताको विकास गराउन गरिन्छ। यसबाट अभिवादन, आभार, कुराकानी, छलफल, संवाद, वादविवाद, अन्तर्वार्ता, नाटकीकरण, भूमिका तथा अभिनयलगायतका क्रियाकलापको विकास गराउन सकिन्छ। यसमा अर्काको व्यवहार, आनीबानी, स्वभाव एवम् चारित्रिक विशेषताको दृश्य श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति हुन्छ। त्यसैले यसबाट मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना, संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त गराउन सकिन्छ।

## छलफल तथा परिणाम

नाटक शिक्षणले विद्यार्थीका मौखिक अभिव्यक्तिगत ढाँचाअनुरूप उपयुक्त परिस्थितिअनुसार हाउभाउपूर्ण ढङ्गबाट अङ्ग सञ्चालन गरी विचारको प्रस्तुतीकरण गर्न र भाषिक प्रयोगमा कुशल बनाउन मदत गर्छ। स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभवको पहिचान तथा विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव र सैद्धान्तिक पक्षकोसमेत सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यलाई निम्नानुसार उपशीर्षकमा केन्द्रित भई विश्लेषण गरिएको छ।

## स्नातक तहमा नाटक शिक्षणप्रति शिक्षकका अनुभव

नाटक शिक्षणबाट हाउभाउ, अभिनय र भूमिकानिर्वाह सिपको विकास गराउन सकिन्छ। नाटक शिक्षणमा नाटकीकरण, प्रश्नोत्तर र संवादजस्ता पक्षमा विचार पुऱ्याइएको हुन्छ। शिक्षक एकका अनुसार नाटकीकरण नाटकका पात्रले गर्ने वा देखाउने हाउभाउद्वारा चारित्रिक व्यवहार झल्कने गरी गरिएका अभिनय वा भूमिका प्रदर्शन हो। परिस्थितिअनुरूप हाउभाउ र अभिनयद्वारा प्रभावपूर्ण ढङ्गले विषय वा प्रसङ्गलाई प्रस्तुतीकरण गर्न सकिन्छ।

शिक्षक दुईका अनुसार नाटक कुनै विषय वा परिस्थितिलाई अभिनय, हाउभाउ, चेष्टा र अङ्ग सञ्चालन गरी मनोरञ्जनपूर्ण किसिमले अभिव्यक्ति दिने क्रियाकलाप भएकाले यसबाट प्रसङ्गअनुसार पात्रको अनुकरण गरी प्रस्तुत गर्ने क्षमताको विकास गराउन सकिन्छ। यसको माध्यमबाट विद्यार्थीभित्र रहेका कलाको प्रस्फुटन गराउन सकिन्छ। यसका लागि विद्यार्थीहरूलाई नाटकीकरणका अभ्यास गराउनु सान्दर्भिक हुन्छ। यसका निम्ति कक्षाको स्तरअनुसार भूमिकानिर्वाह गर्नुपर्ने विषयवस्तु छान्न सकिन्छ। लिखित सामग्रीका पाठ वा पुस्तकभित्र भएमा पढ्न लगाउन सकिन्छ। सामग्री बाहिरका भएमा हेर्न वा सुन्न लगाउन सकिन्छ। पढेका, हेरेका वा सुनेका आधारमा कसरी भयो भनी अभिनय गर्न लगाउन र शिक्षकले अभिनय हेरी सुधार्नुपर्ने भएमा सुधार गरी पुनः अभ्यास गराउन सकिन्छ। शिक्षक तीनका अनुसार नाटक शिक्षणका प्रयोजन मानव स्वभावको अध्ययन गराउनु, जीवन दर्शनको ज्ञान गराउनु, विभिन्न परिस्थितिको ज्ञान गराउनु, परिस्थितिअनुसार भाषाको प्रयोग गर्न सक्ने बनाउनु, नाटकमा प्रयुक्त भाव ग्रहण गरी सोहीअनुसारको अभिव्यक्ति क्षमताको विकास गर्नु, स्वस्थ मनोरञ्जन गराउनु, हितकारी उपदेश दिनु, नाटकीय अभिव्यक्ति प्रणालीमा अभ्यस्त बनाउनु, मौखिक भाषामा अभिव्यक्ति पक्षलाई सबल पार्नु, चारित्रिक भूमिका निर्वाह गर्ने ज्ञान प्राप्त गर्नु, मनोरञ्जन प्रदान गर्नु र भाषिक दक्षता अभिवृद्धि गर्नु रहेका छन्। शिक्षक चारका अनुसार नाटक बोलाइ तथा पढाइ सिपसँग सम्बन्धित हुन्छ। यसको शिक्षण क्रियाकलापका क्रममा संवादका क्रियाकलाप गराउने, नाटक सस्वरवाचन गराउने, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गराउने, मौनवाचन गराई प्रश्नोत्तर गराउने, विद्यार्थीलाई नाटकका विभिन्न पात्र बनाएर भूमिका अभिनय गर्न लगाउने, एकाङ्कीको भाव भन्न लगाउने, व्याख्या गर्न र सारांश लेख्न लगाउनेजस्ता प्रक्रिया अपनाउन सकिन्छ। कक्षाको अनुकुलताका आधारमा परिवर्तन गर्न सकिन्छ। शिक्षक पाँचका अनुसार नाटक शिक्षणमा परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, एकाङ्कीका आकर्षक पक्ष तथा कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गराउन सकिन्छ। पात्र अनुकुल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्याथीहरूलाई पालैपालो वाचनको अभ्यास गराउन गराउन सकिन्छ। शिक्षक छका अनुसार नाटकको आकारका आधारमा पुरै वा आंशिक वाचनको अभ्यास गराउन सकिन्छ। सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण तथा संवादसँग सम्बन्धित प्रश्नोत्तर गराउन सकिन्छ। कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेश र शीर्षकलगायतका आधारमा एकाङ्कीको समीक्षा गर्न गराउन सकिन्छ। नाटकमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याका अभ्यास गराउन सकिन्छ। शिक्षक सातका अनुसार नाटक शिक्षणका लागि संवादका क्रियाकलाप गराउने, एकाङ्की सस्वरवाचन गराउने, शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गराउने, मौनवाचन गराइ प्रश्नोत्तर गराउने, विद्यार्थीलाई एकाङ्कीका विभिन्न पात्र बनाएर भूमिका अभिनय गर्न लगाउने, भाव भन्न लगाउने, अभिनयात्मक भाषिक प्रयोगमा अभ्यस्त बनाउने र सारांश लेख्न लगाउनेजस्ता क्रियाकलाप गराउ सकिन्छ। शिक्षक आठका अनुसार नाटक शिक्षणको प्रयोजन मानव स्वभावको अध्ययन गराउनु र जीवन दर्शनको ज्ञान गराउनु हो। नाटकमा अनेक किसिमका पात्र हुन्छन्। यी हरेक पात्रका जीवन दर्शन भिन्न भिन्न हुन्छन्। पात्रका जीवनका सुखदुःख, हाँसोखुसीजस्ता कुरा हेरेर वा पढेर विद्यार्थीले पनि जीवनोपयोगी ज्ञान हासिल गर्छन्। शिक्षक नौका अनुसार नाटक शिक्षणको प्रयोजन विभिन्न परिस्थितिको ज्ञान गराउनु हो। मानिसले वास्तविक जीवनमा जस्ता जीवन्त परिस्थितिहरूको सामना गरिसकेको हुन्छ त्यस्तै परिस्थितिको नाटकमा चित्रण हुन्छ। शिक्षक दसका अनुसार मानव जीवनमा गर्न हुने र गर्न

नहुने काम र सामना गर्नु पर्ने परिस्थितिको जानकारी गराएर व्यावहारिक बनाउन पनि यसले ठुलो सहयोग गर्दछ। यसरी नाटक शिक्षणका क्रममा विषयवस्तुभित्रबाट बोलीको नक्कल वा भूमिका अभिनयजस्ता क्रियाकलाप गर्न लगाउन सकिन्छ। नाटकीकरण गर्नु अगाडि शिक्षकले नाटकीकरण गरेर देखाएर वा बोलेर उक्त कुराको अनुकरण गर्ने अभ्यास गराउन र विद्यार्थीबाटै नाटकीकरण गराउने क्रियाकलाप गराउन सकिन्छ। अभिनय कुनै घटनाका विशेष पात्रको भूमिकालाई सोही घटनाको परिवेशसँग मिल्ने गरी भूमिका प्रदर्शन गर्नु भएकाले भूमिका अभिनय गराउने क्रममा पाठभित्रका पात्रमा चरित्र तथा क्रियाकलाप झल्कने गरी अभिनय गर्न लगाउन सकिन्छ। यसबाट खास प्रसङ्गलाई दुरूस्त किसिमले प्रस्तुत गर्ने क्षमताको विकाससहित अङ्ग सञ्चालन, मुखमुद्रा र आवाजको आरोहअवरोह गर्ने बानीको विकास गराउन सकिन्छ। पात्रहरूको अनुकरण गर्दा परिस्थितिअनुसार भाषाको प्रयोग क्षमतामा विकास गराउन सकिन्छ।

## स्नातक तहमा नाटक शिक्षणका क्रमप्रति शिक्षकका अनुभव

नाटक शिक्षण गर्दा कक्षाका विद्यार्थीको अनुपातका आधारमा भिन्न-भिन्न शिक्षण क्रम अपनाउन सकिन्छ। यसक्रमलाई कक्षाको अनुकूलताका आधारमा परिवर्तन गर्न सकिन्छ। शिक्षक एकका अनुसार परिचय वा प्रस्तावनामा सर्जकको व्यक्तिगत परिचय तथा कृतिगत र समष्टिगत प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, नाटकको कथानकभित्रका प्रमुख घटनाको उल्लेख गरी विद्यार्थीलाई शिक्षण सिकाइ कार्यकलापप्रति प्रेरित गरिन्छ। शिक्षक दुईका अनुसार नाटक शिक्षणको प्रारम्भिक चरणमा नाटककारको परिचय तथा प्रवृत्ति, विषयवस्तुको परिचयात्मक चर्चा, औचित्य र त्यसको दृश्य विधानको उल्लेख गर्न सकिन्छ। यसरी नाटक शिक्षणको प्रस्तावनाको क्रममा नाटककारको परिचय दिएर नाटकको विषयवस्तु उठान गर्दा शिक्षण प्रभावकारी बन्न पुग्छ। शिक्षक तीनका अनुसार नाटकको सस्वरवाचनका क्रममा देखिएका कठिन शब्दहरूको अर्थ, शन्दर्भगत प्रयोग अभ्यास गरी कठिनाई निराकरण गर्न सकिन्छ। सस्वर वाचनका क्रममा देखिएका कठिन शब्दको सन्दर्भगत अर्थ र प्रयोगमा छलफल गराउन सकिन्छ। कठिन शब्दको निराकरणका अभ्यासबाट एकाङ्कीको अध्ययनमा कठिनाइ उत्पन्न हुँदैन। उक्त कठिन शब्द शिक्षकले पाटीमा टिपोट गर्दै जाने र शुद्ध उच्चारणका अभ्यास गराउन सकिन्छ। शिक्षक चारका अनुसार पात्र अनुकूल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्याथीहरूलाई पालैपालो वाचनको अभ्यास गराउन सकिन्छ। नाटकको आकारका आधारमा पुरै वा आंशिक वाचनका अभ्यास गराउन सकिन्छ। वाचन सस्वर र मौखिक दुवै रूपमा गराइने भए पनि यहाँ पात्रको आशयअनुसार सस्वरवाचन गर्न लगाउन सकिन्छ। समय र नाटकको सङ्ख्या हेरी तिनका महत्त्वपूर्ण अंश पात्रअनुसारको हाउभाउ, चेष्टाको ख्याल गरी पहिले शिक्षक र त्यसपछि विद्यार्थीबाट सस्वर वाचन गर्न गराउन सकिन्छ। पात्र अनुकूल शिक्षकले पहिले आदर्श वा नमुना वाचन गरी विद्यार्थीहरूलाई पालैपालो वाचनको अभ्यास गराउन सकिन्छ। शिक्षक पाँचका अनुसार नाटक शिक्षणका क्रममा शिक्षकले आदर्श वाचन गर्ने र विद्यार्थीहरूलाई पनि आंगिक सञ्चालनसहित नाटकको वाचन गर्ने अभ्यास गराउँदा उनीहरूको रुचि पनि उत्पन्न गराउन सकिन्छ। शिक्षक छका अनुसार सम्बन्धित रचनाको विषयवस्तु, पात्रविधान, भाषाशैली, घटना, वातावरण, संवादसँग सम्बन्धित प्रश्नोत्तर र छलफल गराउन सकिन्छ। शिक्षक सातका अनुसारसम्बन्धित नाटकका विषयवस्तु, पात्रविधान, भाषाशैली, वातावरण, संरचना, घटना, तत्त्वजस्ता विभिन्न पक्षहरूका बारेमा प्रश्नहरू सोधी उत्तर दिन लगाउनेजस्ता क्रियाकलाप गराउन सकिन्छ। शिक्षक आठका अनुसार सम्बन्धित नाटकको सस्वर वाचन र मौनवाचनका क्रियाकलापपश्चात् लिखित र मौखिक

रूपमा बोधप्रश्नोत्तर गराउन सकिन्छ। शिक्षक नौका अनुसार शिक्षकले समीक्षा गर्दै विद्यार्थीलाई पनि समीक्षा गर्न प्रेरित गर्न सकिन्छ। नाटकको शीर्षक चयन, कथानक, संवाद, भाषाशैली, चरित्रचित्रण, परिवेशको समीक्षा गर्नेजस्ता क्रियाकलापबाट नाटक शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ। शिक्षक दशका अनुसार कथानक, संवाद, भाषाशैली, चरित्र चित्रण, परिवेश र शीर्षकलगायतका आधारमा एकाङ्कीको समीक्षा गर्न सकिन्छ। यसरी नाटकमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको नमुना व्याख्या गरी विशिष्ट पङ्क्तिहरू छानी सप्रसङ्ग व्याख्याको अभ्यास गराउन सकिन्छ।

## स्नातक तहमा नाटक शिक्षणका विधिको उपयोगप्रति शिक्षकका अनुभव

नाटक शिक्षणको प्रयोजन नाटकमा प्रयुक्त भाव ग्रहण गरी सोहीअनुसारका अभिव्यक्ति क्षमताको विकास गराउनु हो। नाटकमा प्रयुक्त भाषिक शैली, शब्दचयन, हाउभाउ, भावभङ्गिमा, आरोह-अवरोह, सुर लगायतको उल्लेख्य भूमिका हुन्छ। यहाँ नाटक शिक्षणका विधिका शिक्षकका अनुभव प्रस्तुत गरिएको छ। आदर्श नाट्य विधि नाटकका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर शिक्षकले वाचन गर्ने विधि हो। शिक्षक एकका अनुसार यसका माध्यमबाट विद्यार्थीहरूलाई वास्तविक पात्रले प्रस्तुत गरेको अभिव्यक्ति अनुकरण गर्न प्रेरित गर्ने गरी वाचन गर्न सकिन्छ। शिक्षक दुईका अनुसार शिक्षकले पात्रगत संवादहरूलाई विद्यार्थीमा वास्तविक पात्रको आभास हुने गरी वाचन गर्न सकिन्छ। यस विधिका माध्यमबाट शिक्षकले विद्यार्थीहरूलाई वास्तविक पात्रले प्रस्तुत गर्ने अभिव्यक्ति अनुकरण गर्न प्रेरित गर्ने गरी वाचन वाचन गर्दछन्। शिक्षक तीनका अनुसार यो शिक्षक केन्द्रित विधि भएकाले यसबाट नाटक शिक्षण गर्दा विद्यार्थीहरू पूर्ण रूपमा शिक्षकमा निर्भर हुन्छन्। यसबाट विद्यार्थीहरूले कथ्य भाषाको प्रकृतिअनुसार सिक्ने अवसर प्राप्त गर्दछन्। कक्षा अभिनय विधि विद्यार्थीहरूलाई पात्र अनुकूल आवश्यकतानुसार नाटकीकरणसमेत गर्न सक्ने विधि हो। शिक्षक चारका अनुसार यो विधि उच्च तहमा उपयोगी हुँदैन किनकी यसले विधागत विशेषताको तात्त्विक समीक्षा गर्न सहयोग गर्दैन। उच्च तहमा यो उपयोगी हुँदैन। शिक्षक पाँचका अनुसार यो विद्यार्थी केन्द्रित विधि भएकाले कक्षामा नै विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाएर आवश्यकताअनुसार नाटकीकरणसमेत गर्न लगाइ शिक्षण गर्न सकिन्छ। यो विधि माथिला स्तरका विद्यार्थीहरूका लागि बढी उपयोगी हुन्छ। व्याख्या विधि एकाङ्कीका तत्त्वहरू कथानक, पात्र लगायतका आधारमा विवेचना गर्ने शिक्षक केन्द्रित विधि हो। शिक्षक छका अनुसार यस विधिअनुसार माथिल्ला कक्षामा शिक्षण गर्न सकिन्छ। सस्वरवाचन गर्नुका साथै नाटककारका प्रवृत्तिहरूको चर्चा गर्न पनि सकिन्छ। शिक्षकले नाटक वाचन गरेपछि व्याख्या गर्न सकिन्छ। शिक्षकले वाचन गरेपछि नाटकका रचयिता, कथानक, पात्रगत चरित्रचित्रण, संवाद, भाषाशैली, शीर्षक सार्थकता, परिवेशलगायत एकाङ्कीका विवेच्य पक्षमाथि मौखिक प्रकाश पार्न सकिन्छ। नाटकका पात्रहरू, घटना, वस्तु संयोजन, संवाद, भाषाशैली तथा भावको व्याख्यासमेत गर्न सकिन्छ। रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि भएकाले समय, श्रम र लगानीका दृष्टिले बोझिलो हुनाले प्रयोगमा ल्याउन गाह्रो हुन्छ। शिक्षक सातका अनुसार अत्यधिक समय र धनको व्ययका कारणले गर्दा यस विधिलाई धेरै प्रयोगमा ल्याउन सम्भव देखिँदैन। रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि हो। समय, श्रम र लगानीका दृष्टिले यो बोझिलो भएकाले प्रयोगमा ल्याउन गारो हुन्छ। यसको उद्देश्य विद्यार्थीहरूलाई पूर्व तयारी गराएर रङ्गमञ्चमा नै अभिनय गर्न लगाइ शिक्षण गर्न सकिन्छ। संयुक्त विधिअनुसार

शिक्षकले पहिले नाटकका पात्रको संवादलाई वाचन गर्न सकिन्छ। विद्यार्थीलाई पात्र अनुकूल वाचनका अभ्यास गराउन जोड दिन सकिन्छ। शिक्षक आठका अनुसार यसमा आदर्श नाट्य विधिमा पाइने दोष, समयको अत्यधिक व्यय र कक्षा अभिनय विधिमा पाइने पात्रअनुसारका संवाद वाचनको गुण दुबैको संलग्नता हुन्छ। यो आदर्श वाचन विधि र कक्षा अभिनय विधिको संयुक्त रूप भएकाले यसमा शिक्षक र विद्यार्थी समान रूपमा सक्रिय हुन्छन्। यस विधिमा पात्रअनुसार आदर्श वाचन गर्नुका साथै विद्यार्थीहरूलाई भावअनुसार वाचन गर्न प्रेरित गर्न सकिन्छ। समीक्षा विधि नाटकको शीर्षक, कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैली लगायतका तत्त्वमा आधारित प्रश्नोत्तर र छलफलको उपयोग गर्दै समीक्षा गर्ने विधि हो। सामान्य समीक्षा वा विश्लेषण विधिअन्तर्गत विद्यार्थीहरूलाई पाठ्यवस्तु पढ्न लगाई शिक्षकले नमुना परिचयात्मक टिप्पणी गरेर अभ्यास गराउन सकिन्छ। समीक्षा वा विश्लेषण विधिमा नाटकका सैद्धान्तिक पक्षका आधारमा समीक्षा गर्दै विश्लेषण गर्न सकिन्छ। शिक्षक नौका अनुसार यो विधि तुलनात्मक रूपमा माथिल्ला कक्षाहरूमा प्रयोग गरिने विधि हो। शिक्षक दशका अनुसार यस विधिअनुसार सुरुमा विद्यार्थीहरूलाई नाटक गहन रूपमा पढ्न लगाउन सकिन्छ। शिक्षकले कक्षामा विभिन्न किसिमका प्रश्नहरू राखेर त्यसको उत्तर दिन प्रेरित गर्न सकिन्छ। नाटकको मुख्य पात्र, त्यसको खास विशेषता, उक्त पात्रको वर्गीय वा व्यक्तिगत प्रवृत्तिको पहिचान र मानवीय गुण तथा कमजोरीगत प्रश्न सोधेर चरित्रचित्रण गर्न सकिन्छ।

## निष्कर्ष

नाटक मानवजीवनको अनुकरणलाई अभिनेताद्वारा अभिनयमूलक ढङ्गमा दर्शकका लागि प्रस्तुत साहित्यिक विधा हो। यो संवाद र कथोपकथनका माध्यमबाट मानव जीवनका विभिन्न क्रियाकलापको अनुकरण गरी अभिनयमूलक पाठक वा दर्शकका निम्ति प्रस्तुत मनोरञ्जनात्मक साहित्यिक विधा हो। नाटक शिक्षणबाट विद्यार्थीहरूमा शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गराउन सकिन्छ। यसबाट पठनबोध क्षमता, शब्द प्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन र अनुच्छेद गठनगत सिपको विकास गराउन सकिन्छ। नाटक शिक्षणमा विभिन्न शिक्षण विधि उपयोगमा ल्याउन सकिन्छ। आदर्श नाट्य विधि नाटकका सबै पात्रअनुसार शिक्षकले वाचन गर्ने विधि हो। यसमा नाटकका सबै पात्रअनुसारका संवाद, ध्वनि परिवर्तन र शरीर सञ्चालन वा हाउभाउ गरेर शिक्षकले वाचन गर्न सकिन्छ। व्याख्या विधि नाटकका तत्त्वहरू पात्र, कथोपकथनका आधारमा विवेचना गर्ने विधि भएकाले शिक्षकले वाचन गरेपछि नाटकका रचयिता, कथानक, पात्रगत चरित्रचित्रण, संवाद, भाषाशैली, शीर्षकको सार्थकता, परिवेश लगायत नाटकका विवेच्य पक्षमाथि मौखिक तथा प्रश्नोत्तरका माध्यमले गुणदोषको निरूपण गर्न सकिन्छ। रङ्गमञ्च अभिनय विधि विद्यार्थीहरूलाई रङ्गमञ्चमा मञ्चन वा प्रदर्शन गर्न लगाउने विधि भएकाले यसमा पात्र अनुकूल आवश्यकतानुसार नाटकीकरणसमेत गर्न लगाउन सकिन्छ। समीक्षा नाटकको शीर्षक, कथावस्तु, घटना, पात्र, संवाद, भाषाशैली लगायतका तत्त्वमा आधारित प्रश्नोत्तर र छलफल गर्दै समीक्षा गर्ने विधि हो। यसमा नाटकका विविध पक्षमा आधारित भई समीक्षा र विश्लेषण गर्न सकिन्छ। संयुक्त विधिअनुसार शिक्षकले पहिले नाटकका पात्रको संवादलाई वाचन गरेपछि सोहीअनुसार विद्यार्थीलाई पात्र अनुकूल वाचनको अभ्यास गराउन सकिन्छ। यसरी शिक्षणका क्रममा नाटकको परिचय वा विषयप्रवेश खण्ड, विस्तार खण्ड र उपसंहार खण्डका बारेमा ज्ञान गराउने गरेको शिक्षकका अनुभव रहेको निचोड निकालिएको छ।

## सन्दर्भसूची

आचार्य, व्रतराज (२०६६). आधुनिक नेपाली नाटक . साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०७९). नेपाली नाटक र नाटककार (तेस्रो संस्क.). साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०६६). केही आधुनिक नाटक र नाटककार. ओरिएन्टल पब्लिकेसन ।

थापा, मोहनहिमांशु (२०८०). साहित्य परिचय (सातौं संस्क.) साझा प्रकाशन ।

पन्थ, नारायणप्रसाद (२०६७). नेपाली भाषाशिक्षण. एसिया पब्लिकेसन्स प्रा.लि. ।

पन्थ, नारायणप्रसाद (२०७८). भाषिक विधाशिक्षण. बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५५). माध्यमिक शिक्षा पाठ्यक्रम. २०५५ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६४).माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६६). अनिवार्य नेपाली शिक्षण निर्देशिका. अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९). नेपाली साहित्यिक रचना. अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०७१). माध्यमिक शिक्षा पाठ्यक्रम. । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०७६). माध्यमिक शिक्षा पाठ्यक्रम. । www.cdc.gov.np

पोखरेल, बालकृष्ण र अन्य. (सम्पा.) नेपाली बृहत् शब्दकोश. (२०७२). (नवौँ संस्क.). नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०५९). सिद्धान्त र साहित्य. (दोस्रो संस्क). साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०७०). नेपाली भाषा शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी र अरू (२०६८). नेपाली गद्य र नाटक . (तृतीय संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२). नेपाली भाषा र साहित्य शिक्षण. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०७९). नेपाली साहित्यको सङ्क्षिप्त इतिहास. (एघारौं संस्क.) साझा प्रकाशन ।